# मौसमी तथा बेमौसमी तरकारी खेती तालिम




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
चन्द्रनिगाहपुर, रौतहट

१७-१९ चैत्र २०७८

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटले ३० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र १७ गतेदेखि १९ गतेसम्म रौतहट जिल्लाको चन्द्रनिगाहपुरमा **“व्यवसायिक मौसमी तथा बेमौसमी तरकारी खेती तालिम”** सम्पन्न गरेको छ। चन्द्रनिगाहपुर नगरपालिकाको नगरप्रमुख श्री रामचन्द्र चौधरीको प्रमुख आतिथ्यता र निर्धन उत्थान क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनी तथा चन्द्रनिगाहपुर न.पा. वडा नं. ४ का निमित्त वडाध्यक्ष श्री अमिता बिश्वकर्माको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई हरीवन न.पा., सर्लाहीको कृषि प्राबिधिक श्री नबिना दाहाल तथा हेटौंडाका कृषि प्राबिधिक श्री नबिन कुमार कार्कीले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि श्री रामचन्द्र चौधरीले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो । चन्द्रनिगाहपुर न.पा.वार्ड न. ४ का कार्यबाहक वडाध्यक्ष श्री अमिता बिश्वकर्माले लक्षित वर्गमा वित्तीय सेवा मात्र नभई महिला सशक्तीकरणमा पनि लघुवित्त कार्यक्रम प्रभावकारी रहेको बताउनु भएको थियो। साथै, म पनि केही समय अगाडि यस संस्थामा रही कारोबार गरेको, आज म यस ठांउँमा जनप्रतिनिधि हुनुमा पुर्ण श्रेय यसै संस्थाको रहेको छ भनी बताउनु भयो। कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले प्रत्येक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमीबाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो ।

तालिममा मौसमी तथा बेमौसमी तरकारी खेती व्यवसायको परिचय, यसको महत्व तथा फाईदाहरु, हिउँदे तरकारी खेती प्रबिधि, जस्तै काउली, बन्दा, नर्सरी बनाउने बिधि, लहरे तरकारी खेती प्रबिधि, जस्तै लौका, काँको, फर्सी, करेला, घिरौला, जरे तरकारी खेती मुला, गाजर, सलगम, सागबाली खेती, रोग, किरा र बिषादी बारे जानकारी, बिषादी प्रयोग गर्दा अपनाउने साबधानी, जैबिक मल, कम्पोष्ट मल बनाउने बिधी, च्याउ खेती, बाली संरक्षण, एकीकृत शत्रुजिब ब्यवस्थापन, बेमौसमी तरकारी खेती गर्दा सावधान हुनुपर्ने अवस्था, माटो परीक्षणको लागि नमुना संकलन गर्ने बिधी तथा बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री धन कुमारी बडालले मन्तब्य राखेकी थिइन् । व्यवसायिक रूपमा मौसमी तथा बेमौसमी तरकारी खेती गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए । संस्थाका चन्द्रनिगाहपुर शाखा कार्यालय प्रमुख श्री कृष्ण बहादुर दर्जिले तालिम कार्यक्रमको संयोजन गरेका थिए ।